वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५८ २०८३ असार ०५ गते शुक्रबार, नेपाल सम्वत् ११४६ June 19, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



**बैरेनीमा जग्गा एकीकरण :** तनहुँको व्यास नगरपालिका-१० बैरेनीमा सञ्चालित बैरेनी जग्गा एकीकरण आयोजना । नगरपालिकाले नगर विकास कोषको सहकार्यमा अघि बढाइएको यो आयोजना करिब २६१ रोपनी क्षेत्रफलमा पहिलो चरणमा कार्यान्वयन भइरहेको छ ।

*तस्विर : भञ्ज्याङ*

## जाग्यो बसपार्क बन्ने आशा

भञ्ज्याङ समाचारदाता/गण्डकी

पोखरा बसपार्कको जग्गामा निर्माण गरिएका अनधिकृत संरचना हटाउन सुरू गरिएको छ । पोखरा महानगरपालिकाले पोखरा-९ पृथ्वीचोकस्थित बसपार्कको जग्गा मिचेर बनाइएका संरचना हटाउन थालेको हो । आधुनिक पोखरा बसपार्क निर्माणका लागि पोखरा उपत्यका नगर विकास समितिले पाँच दशकअघि उक्त जग्गा अधिग्रहण गरेको थियो । यसअघि महानगर र नगर विकास समितिले अतिक्रमित संरचना हटाउन पटकपटक सूचना जारी गरेको थियो । सोही सूचनाअनुसार खाली भएका घरटहरा र पसल हटाउन सुरू गरिएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो ।

"संरचना हटाएर बसपार्कको जग्गा खाली गर्ने र एकिन गर्ने काम सुरू भएको छ", उहाँले भन्नुभयो, "जग्गाधनीको पनि कित्ता एकिन गरी व्यवस्थापन गर्छौं ।"

बसपार्कका लागि २०३२ सालमा नगर विकास समितिले २०५ रोपनी जग्गा अधिग्रहण गरेकामा अतिक्रमण गरी जथाभावी संरचना बन्न थालेपछि बसपार्कको खाली जग्गा २६ रोपनीमा मात्र सीमित भएको थियो । बसपार्कको उत्तरपट्टिका जग्गाधनीले संरचना हटाउने महानगरको तयारीविरूद्ध उच्च अदालत पोखरामा रिटसमेत दायर गरेका थिए । गत जेठ २५ गते महानगरसँग भएको सहमतिपछि जग्गाधनीले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका थिए । त्यसपछि बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गरेका थिए ।



पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत अधिकांश संरचना खाली भइसकेका वडाध्यक्ष मर्सानीले बताउनुभयो । बसपार्कको भित्री जग्गामा बनेका संरचना पनि खाली भएपछि महानगरले डोजर चलाएको उहाँको भनाइ छ । बसपार्कको जग्गामा बसोबास गर्दै आएका भूमिहीन दलित र सुकुम्वासी परिवारलाई भने अन्यत्र जग्गा व्यवस्थापन भएपछि मात्र त्यहाँबाट स्थानान्तरण गर्ने महानगरको योजना छ ।

बसपार्कको जग्गामा ५७२ भूमिहीन दलित र सुकुम्वासी परिवारको बसोबास छ । क्षेत्रमा पोखरा विमानस्थल निर्माणका क्रममा विस्थापित भएका परिवारसमेत बसपार्कको जग्गामा बस्दै आएका छन् । जग्गा अधिग्रहणका बेला सट्टा जग्गा लिएका पनि बसपार्क क्षेत्रमा छन्। बसपार्कभित्र बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको टोल सहजीकरण समितिका संयोजक असिम तामाङले सुकुम्बासीको उचित व्यवस्थापन भएमा आफू बसपार्कको जग्गा छोड्न तयार भएको बताउनुभयो ।

महानगरले बसपार्कका सुकुम्बासी परिवारको स्थानान्तरणका लागि समिति गठन गरेर जग्गाको खोजी तथा पहिचान गर्ने काम सुरू गरिसकेको छ । पोखरा-१७ का वडाध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा गठित समितिले महानगरका विभिन्न ६ स्थानमा जग्गा एकीन गरी महानगरलाई सिफारिस गरेको थियो। समितिले पेश गरेका केही जग्गामा प्राविधिक जटिलता देखिएकाले थप अध्ययन, परीक्षण तथा सिफारिसका लागि प्राविधिक समिति गठन गरी सो समितिलाई १० दिनको म्याद थप गरिएको महानगरले जनाएको छ ।

जग्गाको 'प्लट' निर्माणका लागि पनि प्राविधिक समिति बनाएर काम थालिएको छ । बसपार्क क्षेत्रमा लालपुर्जा भएका जग्गाधनीको वितरण प्रक्रिया तथा क्षेत्रफल एकिन गरी सिफारिस गर्न गठित न्यायिक निरूपण समितिले छानबिन र अध्ययनको काम गरिरहेको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । सुकुम्बासी परिवारको व्यवस्थापन तथा उचित पुनर्स्थापनाको सुनिश्चिततासहित आवश्यक

बाँकी तेश्रो पेजमा

## भानुमा ८८ गर्भवती महिलालाई पोषणयुक्त खाद्यान्न वितरण

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकामा ८८ जना गर्भवती महिलालाई पोषणयुक्त खाद्यान्न वितरण गरिएको छ । सामाजिक विकास कार्यक्रमको आयोजना, भानु नगरपालिकाको समन्वय तथा सानिमा बैंकको आर्थिक सहयोगमा नगरभित्रका गरिएको आयोजकले जनाएको छ।

खाद्यान्न वितरण कार्यक्रममा नगर प्रमुख आनन्दराज त्रिपाठी, स्वास्थ्य शाखा प्रमुख ऐश्वर्य चन्द्र भट्टराई, सानिमा बैंकका प्रदेश प्रमुख, केन्द्रीय कार्यालयका प्रतिनिधि तथा दमौली शाखा प्रमुखलगायतको उपस्थिति रहेको थियो। साथै सम्बन्धित वडाका



गर्भवती महिलालाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमअन्तर्गत पहिलो चरणमा वडा नं. १ देखि ६ सम्मका गर्भवती महिलालाई २०८३ साल जेठ ३ र ४ गते सम्बन्धित वडामै पुगेर पोषणयुक्त खाद्यान्न वितरण गरिएको जनाइएको छ। गर्भावस्थामा आमा तथा गर्भस्थ शिशुको स्वास्थ्य अवस्था सुदृढ बनाउने र आवश्यक पोषणको पहुँच सुनिश्चित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन वडा अध्यक्ष, जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्थानीय सरोकारवालाको समेत सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख त्रिपाठीले गर्भवती महिलाको स्वास्थ्य र पोषणमा गरिएको लगानी स्वस्थ समाज निर्माणको आधार भएको बताउनुभयो। उहाँले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता

बाँकी तेश्रो पेजमा

## देशभरका संस्थाको विवरण अद्यावधिक गर्न निर्देशन

रासस/काठमाडौं

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी क्षेत्रमा देखिएका समस्या, अनियमितता र बचतकर्ताको बढ्दो गुनासोलाई नियन्त्रण गर्न १० बुँदे कार्ययोजना ल्याएको छ । मन्त्रालयले सातै प्रदेश र स्थानीय तहलाई कार्ययोजना कार्यान्वयन गर्न पत्राचार गरेको हो ।

मन्त्रालयका अनुसार देशभर कानुनविपरीत सञ्चालन भएका सहकारी संस्थामाथि निगरानी बढाउन तथा निष्क्रिय सहकारीको वास्तविक अवस्था पहिचान गर्न १० बुँदे कार्ययोजना ल्याइएको हो। कार्ययोजनाअनुसार सबै सहकारी संस्थालाई अनिवार्य रूपमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध गराइनेछ। त्यस्तै सहकारी ऐनअनुसार संस्थाको विवरण तथा अभिलेख अद्यावधिक गर्ने कामलाई तीव्रता दिइनेछ ।

मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि साधारणसभा नगरेका, लेखापरीक्षण नगरेका तथा कोपोमिसमा आबद्ध नभएका सहकारी संस्थाको नामावली तयार गरी विस्तृत विवरण संकलन गर्नसमेत निर्देशन दिएको छ । यसबाट निष्क्रिय तथा जोखिमयुक्त सहकारी संस्थाको पहिचान गरी आवश्यक कारबाहीको बाटो खुल्ने मन्त्रालयले जनाएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले वित्तीय कारोबार सञ्चालनका लागि आवश्यक इजाजतपत्र प्राप्त गरे/नगरेको यकिन गर्न तथा त्यसका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणसँग समन्वय गर्न पनि मन्त्रालयले भनेको छ । अनुगमनपछि जारी भएका आदेश, निर्देशन, जरिवाना तथा अन्य कारबाहीको अभिलेख अद्यावधिक राख्ने, वित्तीय जोखिम देखिएका संस्थामाथि थप निगरानी तथा सुपरिवेक्षण गर्ने व्यवस्था पनि कार्ययोजनामा समावेश गरिएको छ।

त्यस्तै सहकारी प्रशासन, दर्ता, नियमन, अनुगमन तथा खारेजी प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी सुधारका लागि प्रदेश र स्थानीय तहबाट सुझाव मागिएको छ । मन्त्रालयले १५ दिनभित्र सुझाव पठाउन आग्रह गरेको छ ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## सुखी र समृद्धको आधार खोज्दै आँबुखैरेनी

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। नागरिकका दैनिक आवश्यकता, विकासका अपेक्षा र स्थानीय समस्याको समाधान गर्ने जिम्मेवारी पनि स्थानीय तहकै काँधमा हुन्छ । यही सन्दर्भमा आँबुखैरेनी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमले स्थानीय विकासका विविध आयामलाई समेट्ने प्रयास गरेको देखिन्छ। स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, रोजगारी, सामाजिक सुरक्षा र पूर्वाधार विकासलाई केन्द्रमा राखेर ल्याइएको कार्यक्रमले गाउँपालिकाको दीर्घकालीन सोच र विकासप्रतिको प्रतिबद्धता झल्काउँछ। नीति तथा कार्यक्रमको सबैभन्दा सकारात्मक पक्ष भनेको आधारभूत सेवामा जोड दिनु हो। स्वास्थ्य सेवा हरेक नागरिकको मौलिक आवश्यकता हो। आँबुखैरेनी अस्पतालको सेवा विस्तार, नयाँ आधारभूत स्वास्थ्य केन्द्र स्थापना, विपन्न नागरिकलाई विशेषज्ञ उपचार निःशुल्क उपलब्ध गराउने व्यवस्था तथा चेपाङ समुदायका परिवारको स्वास्थ्य बीमा गाउँपालिकाले व्यहोर्ने निर्णयले स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण सन्देश दिएको छ। ग्रामीण क्षेत्रमा अझै पनि स्वास्थ्य सेवाको पहुँच चुनौतीपूर्ण रहेको अवस्थामा यस्ता कार्यक्रमले नागरिकको जीवनस्तर सुधार्न मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

शिक्षा क्षेत्रमा प्रविधिमैत्री विद्यालय निर्माण गर्ने लक्ष्य पनि समयसापेक्ष देखिन्छ। अहिलेको युगमा गुणस्तरीय शिक्षाका लागि प्रविधिको प्रयोग अपरिहार्य बनेको छ। विद्यालयमा स्मार्ट बोर्ड, कम्प्युटर तथा विज्ञान प्रयोगशाला विस्तार गर्ने योजनाले विद्यार्थीलाई आधुनिक शिक्षासँग जोड्न सहयोग पुग्नेछ। त्यस्तै, विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने तथा उच्च शिक्षाको अवसर विस्तार गर्ने नीति पनि स्वागतयोग्य छ। शिक्षा क्षेत्रमा गरिएको लगानी नै दीर्घकालीन विकासको आधार बन्न सक्छ। कृषि क्षेत्रलाई उत्पादनमुखी बनाउने उद्देश्यले ल्याइएका कार्यक्रम पनि महत्वपूर्ण छन्। वास्तविक किसानलाई उत्पादनको आधारमा अनुदान दिने नीति विगतमा देखिएका अनियमितता र दुरूपयोग रोक्ने दिशामा सकारात्मक कदम हुन सक्छ। दूध, मास र फापर उत्पादनमा प्रोत्साहन, खसीबोका संकलन केन्द्र स्थापना तथा कृषि र पशु बीमा विस्तारले किसानलाई उत्पादन बढाउन प्रेरित गर्नेछ। तर यस्ता कार्यक्रम कागजमा मात्र सीमित नभई प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ। किसानले प्रत्यक्ष लाभ महसुस गर्न सके मात्र नीतिको सार्थकता पुष्टि हुनेछ।

आँबुखैरेनी पर्यटनको ठूलो सम्भावना बोकेको क्षेत्र हो। छिम्केश्वरी, आँधीमूल, ऐना पहरा, अकला मन्दिर, चमेरो गुफा र अन्य पर्यटकीय स्थलको विकास गर्ने योजना स्थानीय अर्थतन्त्रका लागि अवसर बन्न सक्छ। पर्यटन केवल घुमफिरको विषय मात्र होइन, यसले रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजार विस्तार र आर्थिक गतिविधि बढाउने माध्यमका रूपमा काम गर्छ। त्यसैले पर्यटन विकासलाई स्थानीय युवाको स्वरोजगारसँग जोड्ने रणनीति दूरदर्शी देखिन्छ। नीति तथा कार्यक्रममा सीप विकास र उद्यमशीलतालाई विशेष प्राथमिकता दिइनु अर्को सकारात्मक पक्ष हो। युवाहरू रोजगारीका लागि विदेशिन बाध्य भइरहेका बेला स्थानीय स्तरमै अवसर सिर्जना गर्नु आजको आवश्यकता हो। 'सीप विकास वर्ष' मनाउने घोषणा र उद्यम स्थापना गर्न सहजीकरण गर्ने कार्यक्रमले युवालाई स्वदेशमै केही गर्ने वातावरण बनाउन सहयोग पुग्न सक्छ। तर यसका लागि सीपमूलक तालिमलाई बजारको मागसँग जोड्नु आवश्यक छ । पूर्वाधार विकासका क्षेत्रमा पनि गाउँपालिकाले सडक, खानेपानी र सिँचाइलाई प्राथमिकता दिएको छ। ग्रामीण विकासका लागि सडक पहुँच अत्यन्त महत्वपूर्ण हुन्छ। त्यसैगरी 'एक घर–एक धारा' अभियान र सिँचाइ विस्तार कार्यक्रमले कृषि उत्पादन र जनजीवन दुवैमा सकारात्मक प्रभाव पार्न सक्छ। भूमि प्रशासन सेवा गाउँपालिकाबाटै सञ्चालन गर्ने तयारीले नागरिकलाई सेवा प्राप्त गर्न सहजता थप्ने अपेक्षा गरिएको छ। सामाजिक न्याय र समावेशिताको पक्षलाई पनि कार्यक्रममा समेटिएको छ। ज्येष्ठ नागरिकका लागि घरमै स्वास्थ्य परीक्षण, अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास कार्यक्रम, सामाजिक विभेद तथा हिंसाविरूद्ध सचेतना अभियानले समावेशी समाज निर्माणमा योगदान पुर्‍याउन सक्छ। विकास तब मात्र अर्थपूर्ण हुन्छ, जब त्यसको लाभ समाजका सबै वर्ग र समुदायसम्म पुग्छ।

यद्यपि, नीति तथा कार्यक्रम सफल हुने वा नहुने कुरा यसको कार्यान्वयनमा निर्भर हुन्छ। स्थानीय तहमा स्रोतसाधन सीमित छन्। महत्वाकांक्षी योजना बनाउनु राम्रो भए पनि त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वित्तीय स्रोत, दक्ष जनशक्ति र पारदर्शी व्यवस्थापन आवश्यक पर्छ। जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र स्थानीय समुदायबीच सहकार्य हुन सके मात्र लक्ष्य प्राप्ति सम्भव हुन्छ। समग्रमा, आँबुखैरेनी गाउँपालिकाले आगामी वर्षका लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमले विकासका आधारभूत क्षेत्रलाई समेट्ने प्रयास गरेको छ। स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, रोजगारी र सामाजिक सुरक्षालाई एकसाथ अघि बढाउने सोचले गाउँपालिकाको समृद्धिको यात्रालाई बल पुर्‍याउन सक्छ। अब चुनौती भनेको यी योजना कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने हो। प्रतिबद्धता, पारदर्शिता र जनसहभागितासहित कार्यक्रम कार्यान्वयन हुन सके 'सुखी र समृद्ध आँबुखैरेनी' केवल नारा मात्र नभई यथार्थ बन्न सक्छ।

# मधेसको कैलासः लोकआस्था र विश्वासको प्रतीक

♦ गोपालप्रसाद बराल

चुरे पहाडी शृङ्खलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेस मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक रहँदै आएको छ । थुम्कोको फेदीमा नदी र खोल्सीहरूमा कलकल बग्ने कञ्चन पानी । अनि चुरे काछको पहाडी शृङ्खलामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय । यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ ।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका–५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ । पूर्व–पश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ । बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रूपमा चिनिन्छ। माण्डवीगङ्गा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ । फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई 'मधेसको कैलास' पनि भन्ने गरिन्छ । प्रत्येक वर्ष साउन महिनाभरि लाखौँ श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले 'नेपालको बाबाधाम' पनि भन्ने गर्दछन् ।

भारतको झारखण्ड राज्यको देवघरस्थित वेद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ । त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन–चार दिन लाग्दछ । सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा 'बोलबम' पुकार्दै दर्शनार्थी देखिन्छन् । यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको 'बाबाधाम' भनिएको बर्दिबास–५ चेरूका ८० वर्षीय राजन पौडेल बताउनुहुन्छ ।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ । अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रूपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिनुभएको यहाँका पाकाजन बताउँछन् । "अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ" नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्ले भन्नुहुन्छ, "यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौँ ।"

माण्डवीगङ्गा (मडहा), वरूणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ । शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रूपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगङ्गा , वरूणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आउनुभएका गौशाला–४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउनुहुन्छ ।

"यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरूका साथ यहाँ बिहार गर्न आउँथे" महतो भन्नुहुन्छ, "माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरूमा वर्णन पाइन्छ ।" माण्डवीका सखीहरु स्वर्णमती र वरूणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उहाँको कथन छ। "यी सबै हामीले आफ्नै बाबु/बाजेबाट सुनेका कथा हुन्" उहाँले भन्नुभयो। टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन् । यी ठाउँ राजा जनक र उहाँका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ ।

विसं २००२ मा डिा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए । त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ। शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरूले महाभारतकालीन भनेका छन् । "यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभारतकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ" जलेश्वर–५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्नुहुन्छ ।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिरालाल गौतमको भनाइ छ । "यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ" गौतम भन्नुहुन्छ, "गत आर्थिक वर्ष २०८१/८२ देखि मधेस प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ ।" यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्बर्द्धनका लागि अभिरूचिपूर्वक चासो लिएको उहाँको भनाइ छ ।

यसैबीच, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलास भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनपर्ने बताउनुभएको छ । "यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ" मुख्यमन्त्री यादव भन्नुहुन्छ, "यो मधेसको मात्र नभएर मुलुककै धार्मिक आस्थाको केन्द्र हो, यसका लागि केन्द्र सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नेछ।"

मधेसको कैलास भनिने टुटेश्वरनाथको संरक्षण, सम्बर्द्धन र विकासका लागि यसलाई ट्रष्टमा लान नगरवासीको सुझाव छ । "यहाँ गरिन पर्ने मुख्य दुई काम छन्" बर्दिबास–५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्नुहुन्छ, "पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो ।" यी सबै कामको केन्द्रमा यसलाई ट्रष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उहाँले स्पष्ट पार्नुभयो । थापाजस्तै बर्दिबास–५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई ट्रष्टमा लान पर्ने बताउनुहुन्छ ।

माण्डवीगङ्गा, वरूणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गरिँदा मनोवाञ्छित फल पाइने श्रद्धालुहरूको विश्वास छ । "मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरूणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ" दण्डीबाबा उपनामले चिनिने रजखोरका वासुदेव महतो भन्नुहुन्छ, "यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उहाँले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु ।"

पूर्व–पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरूले माण्डवीगङ्गा, वरूणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उहाँको गुनासो छ । यी नदीहरूको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ । "यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ" महतो भन्नुहुन्छ, "यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस् ।" टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहनुभएका मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ । "मधेसको कैलास भनिएर पनि यसको चर्चा फैलिएको छ, तीनै तहका सरकार मात्र नभएर सामाजिक तथा धार्मिक संस्थाले पनि चासो बढाएका छन्" थापा भन्नुहुन्छ, "यो चासोलाई नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले समुचित समन्वय गर्नुपर्छ।" यस ठाउँको विकासमा प्रदेश सरकारको निरन्तर साथ रहने थापाको प्रतिबद्धता छ।

टुटेश्वरमा अहिले विशिष्ट व्यक्तित्वहरूको बाक्लै अवलोकन तथा धार्मिक यात्रा बन्ने गरेको छ । मधेस प्रदेशका पूर्वमुख्यमन्त्रीहरु सतिशकुमार सिंह र सरोजकुमार यादवले कैयौँपटक मन्दिरमा पूजा आराधना गरेर यहाँको विकासबारे चासो राख्नुभएको बर्दिबास–५ का वडा अध्यक्ष काहारमान स्याङ्वा सम्झनुहुन्छ। यसैगरी, प्रदेश सरकारका मन्त्रीहरु, विभिन्न धार्मिक मठका मठाधीश र वरिष्ठ अधिकारीहरु धार्मिक यात्रामा यहाँ आउनुभएको स्याङ्वा बताउनुहुन्छ । आफ्नो ठाउँमा विशिष्ट व्यक्तित्वको सघन आगमन र यस ठाउँको संरक्षण/सम्वर्द्धनबारे व्यक्त हुने चासोले टुटेश्वरवासी दङ्ग देखिन्छन् । "ठुलाबडाहरु बाक्लै आउजाउ गर्छन्, अब यहाँका लागि केही होला भन्ने आश बढेको छ" टुटेश्वर बस्तीका यतिराज काफ्ले भन्नुहुन्छ । काफ्लेसँगै यहाँका आम बासिन्दामा अब आफ्नो ठाउँले सकारात्मक फड्को मार्ने विश्वास जागेको छ । *रासस*

## तपाईंको आज

### मेष
नयाँ कामको सुरूआत गर्न अनुकूल समय छ। व्यापारमा लाभ मिल्नेछ भने जागिरमा जिम्मेवारी थपिन सक्छ।

### वृष
परिश्रमअनुसार प्रतिफल प्राप्त हुने दिन छ। अध्ययन र अनुसन्धानमा रूचि बढ्नेछ।

### मिथुन
सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्ने संकेत छ। अध्ययन, लेखन तथा सञ्चारसम्बन्धी कार्यमा सफलता मिल्नेछ।

### कर्कट
भावनात्मक विषयमा निर्णय गर्दा धैर्य आवश्यक छ। कार्यक्षेत्रमा केही चुनौती आए पनि सफलता प्राप्त हुनेछ।

### सिंह
नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुनेछ। व्यापारमा प्रगतिको संकेत छ। दाम्पत्य जीवन सुखद रहनेछ।

### कन्य
दैनिक कामकाज व्यवस्थित रूपमा सम्पन्न हुनेछन्। आर्थिक लाभका नयाँ स्रोत फेला पर्न सक्छन्।

### तुला
सृजनात्मक कार्यमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध तथा पारिवारिक जीवनमा खुसीको वातावरण रहनेछ।

### वृश्चिक
घरपरिवारका काममा व्यस्तता बढ्न सक्छ। पुराना समस्याको समाधान खोज्न सकिने दिन छ।

### धनु
साहस र पराक्रम बढ्नेछ। छोटो दूरीको यात्रा लाभदायक हुन सक्छ। व्यवसायमा नयाँ सम्झौताको सम्भावना छ।

### मकर
आर्थिक पक्ष बलियो बन्ने छ। आयवृद्धिका अवसर प्राप्त हुन सक्छन्। पारिवारिक वातावरण सुखद रहनेछ।

### कुम्भ
नयाँ काम वा जिम्मेवारी स्वीकार गर्न सकिने दिन छ। सामाजिक सम्मान प्राप्त हुने सम्भावना छ।

### मीन
अनावश्यक चिन्ताबाट टाढा रहनुहोस्। स्वास्थ्यमा ध्यान दिनु उपयुक्त हुनेछ। गोप्य योजना सफल हुन सक्छन्।

# खबराको केराखेती: समस्या पहिचान गर्न प्राविधिक टोली परिचालन

**रासस/ म्याग्दी**

जिल्लाको बेनी नगरपालिका–२ खबराको केराखेतीमा देखिएको समस्या पहिचान गर्न प्राविधिक टोलीले नमुना संकलन गरेका छन् । पसाउने बेलामा केराका टुप्पाको पात पहेँलो हुने र जरामा कालो भएर मर्ने समस्या देखिएपछि उक्त समस्या पहिचान गर्न गण्डकी प्रदेशको कृषि प्रयोगशाला, कृषि अनुसन्धान परिषद् (नार्क), जिल्ला कृषि विकास कार्यालय र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको प्राविधिक टोलीले आज केरा बगैँचाको निरीक्षण गरेका हुन्।



जिल्ला कृषि विकास कार्यालयका प्रमुख सञ्जिव बास्तोलाले खबराको केराखेतीमा देखिएको समस्या पहिचान गर्न प्राविधिक टोलीले नमुना संकलन गरेर प्रयोगशालामा लगेको जानकारी दिनुभयो । "समस्या देखिएका बगैँचाको निरीक्षण, किसानसँग अन्तरक्रिया गर्नुका साथै गुमा, थाम, पात, जराको भागको नमुना संकलन गरेर प्रयोगशालामा पठाएका छौँ", उहाँले भन्नुभयो, "प्रयोगशालाको प्रतिवेदनको आधारमा रोग पहिचान गरि नियन्त्रणको प्रयास गरिनेछ ।"

प्रदेश कृषि प्रयोगशालाका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी र कृषि अनुसन्धान परिषद्का प्राविधिक अधिकृत सुजाता केसीले समस्या देखिएका बगैँचाबाट बोटबिरूवा अन्यत्र लैजान र कृषि औजारलाई अन्यत्र प्रयोग गर्दा सरसफाइ गर्न किसानहरूलाई आग्रह गर्नुभयो ।

एक सय २० परिवार रहेको खबराका १०० भन्दाबढी कृषकले व्यावसायिक केराखेती गर्दै आएका छन् । केराखेती खबराको मुख्य आयस्रोत हो । अगुवा किसान सोवित शर्माले पसाउने समयमा टुप्पोमा पात पहेँलो हुने र गाना कालो भएर बोट सुक्ने समस्या बढेपछि किसान चिन्तित बनेका बताउनुभयो ।

सबैजसो बगैँचामा केराको गुभो (बोटको भित्रीभाग) कुहिने र बोट सुक्ने समस्या देखिएको किसान कृष्ण सापकोटाले बताउनुभयो। खबरामा ७०० रोपनी क्षेत्रफलमा केराखेती विस्तार भएकामा १५ प्रतिशत बगैँचामा समस्या देखिएको जनाउँदै करिब ३० प्रतिशत उत्पादन घटेको किसान दिपक सापकोटाले जानकारी दिनुभयो ।

केराखेतीबाट मासिक न्यूनतम रू १२ हजारदेखि रू ५० हजारभन्दा बढी आम्दानी किसानले गर्दै आएका छन् । घरव्यवहार चलाउन र छोराछोरी पढाउन केराखेतीको आम्दानीले सहयोग पुगको छ। विसं २०५८ मा मानबहादुर थापाले काठमाडौँबाट भित्र्याएका केरा खबरामा मात्रै नभएर म्याग्दी, पर्वत र बाग्लुङमा पनि फैलिएको छ । बेनी नगरपालिकाले खबरालाई केराको पकेट क्षेत्र बनाउने उद्देश्यले तीन वर्षअघि बिरूवा वितरण गरेको थियो ।

# भारी वर्षाका कारण करिब ४० हजार मानिस विस्थापित

**रासस/एएनआई/चीन**

विगत केही दिन देखि दक्षिण चीनको गुआङ्डोङ प्रान्तका विभिन्न भागहरूमा भएको भारी वर्षाका कारण उक्त क्षेत्रहरूमा बसोबास गर्ने ३७ हजार ६०१ जना बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको स्थानीय अधिकारीहरूलाई उदृत गर्दै सिन्ह्वाले रिपोर्ट गरेको छ । सिन्ह्वाका अनुसार गुआङ्डोङ प्रान्तमा तेस्रो स्तरको बाढी नियन्त्रण आपतकालीन प्रतिक्रिया र चौथो स्तरको विपद् राहत आपतकालीन प्रतिक्रिया जारी गरी राखिएको छ। झुहाई र शेन्जेन लगायत धेरै सहरहरूले विद्यालयाहरु बन्द गर्ने सूचना जारी गरेको जनाइएको छ।

वर्षाका कारण हुने सुरक्षा जोखिमबाट बच्न चीन रेलवे गुआङझाउ समूहले रेल सञ्चालन समय तालिका समायोजन गरेको पनि उल्लेख गरिएको छ । सिन्ह्वाका अनुसार गुआङ्डोङ फायर एण्ड रेसकिउ कोरले गत शुक्रबार देखि प्रमुख सहरहरूमा २४७ जना अग्नि नियन्त्रक, ५३ वटा फायर ट्रक र ३७ वटा डुङ्गाहरु तैनाथ राखेको छ ।

यसैबीच, गुआङ्डोङ प्रान्तीय जलस्रोत विभागले जलाशयहरूमा गस्ती बढाएको जनाएको छ ।

भारी वर्षाका कारण प्रशासनले आपतकालीन मर्मत–सम्भारका लागि सात हजार २२६ जना कर्मचारी दुई हजार ९९४ सहायक सवारी साधन र दुई हजार १०८ जेनेरेटर आपतकालीन राहतका लागि परिचालन गरेको छ ।

प्रान्तीय आपतकालीन व्यवस्थापन विभागका अनुसार हाल सम्म कुनै हताहत भएको खबर आएको छैन । सिन्ह्वाका अनुसार, प्रान्तीय मौसम विज्ञान विभागले बिहीबारसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ । शुक्रबार देखि शनिबारसम्म प्रान्तभरि वर्षा सामान्यतया कमजोर हुने उल्लेख गरिएको छ । जी–२० जलवायु जोखिम एटलसका अनुसार, जलवायु परिवर्तनले पहिले नै चीनमा विनाशकारी प्रभाव पारेको छ ।

यस्तै अवस्था रहेमा चीनले विनाशकारी जलवायु प्रभावहरूको सामना गर्नु पर्ने रिपोर्ट गरिएको छ । उत्सर्जन घटाउन तत्काल कदम नचालिएमा, चिनमा गर्मीको लहर लामो समयसम्म रहनेछ र गर्मीसँग सम्बन्धित अतिरिक्त मृत्युहरु बढ्ने जनाइएको छ । सन् २०५० सम्ममा चीनमा दुई करोड ५० लाख भन्दा बढी मानिसहरूले नदी बाढीको सामना गर्नु पर्ने जनाइएको छ ।

चीनले जति छिटो कम कार्बन उत्सर्जन नीतिहरु अपनाउँछ, त्यती नै छिटो जलवायु प्रभावहरु कम हुने र तापक्रम वृद्धिलाई २ डिग्री सेल्सियसमा सीमित गरेमा चीनमा जलवायु प्रभावको लागत घट्ने जनाइएको छ ।

# अरनिको राजमार्ग स्तरोन्नति: 'बिटुमिन' अभावले दुई महिनादेखि काम प्रभावित

**रासस/काभ्रेपलाञ्चोक**

स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत काभ्रेको धुलिखेल–खावा सडकखण्ड पक्की कार्य दुई महिनादेखि बन्द अवस्थामा रहेको छ। गत चैतमा करिब महिनाभर रातको समयमा आवागमन बन्द तथा दिउँसो एकतर्फ सञ्चालन गरेर कालोपत्र (डिबिएम(पिच)को काम गरिए पनि 'बिटुमिन' अभावका कारण बन्द अवस्थामा रहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

धुलिखेल चोकबाट दुई दशमलव पाँच किलोमिटर सडक दुवैतर्फी पहिलो चरणमा पक्की बनाइएको उक्त सडकमा वैशाखदेखि सम्पूर्ण प्रकारका यातायातका साधनलाई दुईतर्फी खुला गरिएको थियो । कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले दुई महिनादेखि 'बिटुमिन' अभावका कारण बाँकी पक्की बनाउने काम तथा पहिलो चरणमा डिबिएम–कालोपत्र गरिए पनि 'आस्फाल' थप्ने कार्य बाँकी रहेको बताउनुभयो। उहाँका अनुसार स्तरोन्नति भइरहेको चार किमीमध्ये बाँकी दूरी (दुवैतर्फीसम्मको)पक्की गर्ने कार्य वैशाख पहिलो सातादेखि थालिने योजना बनाइए पनि कच्चा पदार्थको अभावका कारण दुई महिनादेखि काम रोकिएको हो ।

हाल यात्रालाई सहजता दिन पक्की गर्न बाँकी दूरीमा खाल्डाखुल्डी पुर्ने काम भइरहेको योगेशले बताउनुभयो । उक्त खडकखण्डको बाँकी एक दशमलव पाँच किमी बिटुमिन आयात भएपछि दोस्रो चरणमा पक्की बनाइने योगेशको भनाइ छ। ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्र गर्ने काम हुने जनाइएको हो । लामो समयसम्म निर्माण व्यवसायीको लापर्वाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनःस्तरोन्नति कार्यलाई तीव्रता दिइएको थियो ।

कार्यालयका अनुसार आउँदो पुस महिनामा काम सम्पन्न गर्नेगरी सी–एन ए–वान काली जेभीसँग भ्याटबाहेक रू ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो । उक्त सडकखण्डमा कालोपत्रेको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी सानातिना काम गरिने योगेशले बताउनुभयो ।

उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी–पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि २५ प्रतिशत निर्माणको काम नसकेको अवस्थामा कार्यालयले २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको उक्त निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो ।

उक्त निर्माण कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिनाअर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्ने गरी ठेक्का लिएको थियो । उक्त सडकखण्ड अरनिको राजमार्ग हुँदै नेपालको चिनसँगको उत्तरी नाकाअर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकको रूपमा रहेको छ।

## जाग्यो बसपार्क .......

प्रक्रिया अगाडि बढेको उहाँको भनाइ छ। "उत्तरतर्फबाट बसपार्कको जग्गा खाली गर्ने र व्यवस्थापन गर्ने काम सुरू भएको छ", प्रमुख आचार्यले भन्नुभयो, "हामी सबैको साझा लक्ष्य आधुनिक र व्यवस्थित पोखरा बसपार्क निर्माण गर्नु हो, यसमा सबै पक्षको सहयोग रहनेमा महानगर विश्वस्त छ ।"

बसपार्क समस्या सहजीकरण समितिसँगको समन्वय र सहकार्यमा संरचना हटाउने काम भइरहेको उहाँको भनाइ छ । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री–वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादकोसमेत छानबिन गर्ने काम भइरहेको प्रमुख आचार्यले बताउनुभयो।

पोखरा उपत्यका नगर विकास समितिले सुरूमा अधिग्रहण गरेको २०५ रोपनीमध्ये पृथ्वी राजमार्गको निर्माणपछि कायम भएको १८७ रोपनी जग्गामै बसपार्क बनाउनुपर्ने माग उठ्दै आएको छ । समयमा बसपार्क नबन्दा अधिग्रहण गरिएको जग्गा अतिक्रमण परेको थियो । अतिक्रमति संरचना हटाउन थालिएपछि आधुनिक पोखरा बसपार्क निर्माणको योजना अगाडि बढ्नेमा आशा जागेको छ । महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । पर्यटनका माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको पोखरामा स्तरीय बसपार्क बन्न नसकेकामा यातायात र पर्यटन व्यवसायीको दुःखेसो छ। बसपार्क नबन्दा ट्राफिक व्यवस्थापनमा पनि चुनौती थपिएको छ । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्गित गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ । रासस

## भानुमा .......

दिन आवश्यक रहेको उल्लेख गर्नुभयो। सानिमा बैंकका प्रतिनिधिहरूले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समुदायको स्वास्थ्य प्रवर्द्धनमा सहयोग गर्न पाउँदा खुशी लागेको प्रतिक्रिया दिएका थिए।

भानु नगरपालिकाले गर्भवती महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। यस कार्यक्रमले गर्भवती महिलालाई आवश्यक पोषणयुक्त खाद्यान्न उपलब्ध गराई उनीहरूको स्वास्थ्यमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।





**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५–५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार ०५ शुक्रबार
June 19, 2026

# फोहरजन्य वस्तु बिक्री गरी व्यासले २४ लाख आम्दानी गऱ्यो

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको सदरमुकामस्थित व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी आम्दानी गर्न थालेको छ । नगरपालिकाले विसं २०८२ वैशाख १ गतेदेखि हालसम्म रू २४ लाख ७१ हजार ५५३ आम्दानी गरेको हो ।

फोहरका रूपमा सङ्कलन गरी पुन:प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए। उनका अनुसार कागजजन्य वस्तु बिक्रीबाट रू छ लाख २३ हजार १६७, प्लाष्टिकजन्य वस्तु बिक्रीबाट रू ११ लाख ९८ हजार ५१२, धातुजन्य वस्तु बिक्रीबाट रू तीन लाख नौ हजार १२५, शिशाजन्य वस्तु बिक्रीबाट रू दुई लाख ७८ हजार ७३६ र लिलामबाट रू ६२ हजार दश आम्दानी गरेको छ ।

फोहरलाई मोहरमा परिणत गरी विबक्रीयोग्य वस्तु बिक्रीका लागि आर्थिक वर्ष २०८१/८२ मा आवश्यक प्रक्रिया पूरा गरी बोलपत्र आह्वान गरिएको र चालु आवमा साविकको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर व्यास-१ लाई फोहर बिक्रीको जिम्मा दिइएको छ ।

फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी संकलन गर्न थालेको छ । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी संकलन गर्ने र बिक्री गर्न योग्य फोहर विक्री गरी आम्दानी गरिएको लम्सालले बताए ।

उनले भने, "एकैठाउँमा सबै फोहर संकलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा संकलन भइरहेको छ ।" फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताए ।




व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्ने कार्यको आवश्यक प्रक्रिया पूरा गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयका लागि पेस भएकामा हालसम्म निर्णय नआएको उनले बताए ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने र नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लाष्टिक, कागजजस्ता चिजहरु छुट्टाएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताए ।

तेतीस वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भने, "विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो। जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।"

नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक रूपमा फोहर संकलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ ।

## facebook twitter



**Deepak Raj Joshi**
x.com/kapeed

भविष्य बनाउने दौडमा कतै हामीले आफ्नो वर्तमान त गुमाएका छैनौं? अहिले दु:ख गर, भोलि सुख पाइन्छ। तर त्यो भोलि कहिले आउँछ? र जब आउँछ, के हामीसँग त्यसलाई आनन्दले बाँच्ने समय, शक्ति र इच्छा बाँकी रहन्छ? जीवनको पूर्णता उपलब्धिमा मात्र हुँदैन, अनुभूतिमा पनि हुन्छ।

किनकि अन्तत: जीवन कुनै गन्तव्य होइन जहाँ पुगेर मात्र खुसी पाइन्छ। जीवन त प्रत्येक सासमा, प्रत्येक सम्बन्धमा, प्रत्येक अनुभूतिमा र प्रत्येक वर्तमान क्षणमा लुकेको हुन्छ। जसले वर्तमानलाई पूर्णताका साथ जिउन सिक्यो, उसले जीवनलाई नै पूर्णताका साथ जिउन सिक्यो।



**Sunita**
x.com/Sunita720951281

जिन्दगी कुनै ब्ल्याक बोर्ड होइन जहाँ गल्तीहरु डस्टरले मेटेर फेरि नयाँ सुरु गर्न सकिन्छ ! यहाँ त हरेक शब्द, हरेक निर्णय, हरेक चोट मनको गहिराइमा लेखिन्छन जहाँ मेटाउने कुनै उपाय हुदैन कहिलेकाही हामी सोच्छौ कास यो पल मेटाउन पाए यो गल्ती सुधार्न पाए यो दु:खलाई फेरि कहिल्यै नदेख्ने बनाउन पाए तर जिन्दगी त्यस्तो सजिलो कहाँ हुन्छ र यहाँ त सिकाइहरु पनि आँशुले लेखिन्छन
र सम्झनाहरु पनि मुस्कानभित्र लुकेका पीडाहरु हुन केही मान्छेहरु आउछन हाम्रो कथामा सुन्दर अक्षर जस्तै तर अचानक हराउछन जिन्दगीको साँचो कुरा त यही हो 'यसलाई मेटाउन सकिदैन' तर बुझेर स्वीकार गरेर अगाडि बढ्नु नै पर्छ किनकि गल्तीहरु नै अनुभव बन्छन दुखहरु नै शक्ति बन्छन ! र अधुरा कथाहरु नै हाम्रो जिन्दगीको गहिरो अर्थ बन्छन ।

# धौलागिरिका घुम्ती गोठ संकटमा

रासस/म्याग्दी

उच्च पहाडी भूगोलमा अवस्थित म्याग्दीको धौलागिरि गाउँपालिकाका बासिन्दाको जीविकोपार्जनको परम्परागत आधार बनेको घुम्ती पशुगोठ सङ्कटमा परेको छ । बुढ्यौली लाग्दै गएका किसान, युवापुस्ताको वैदेशिक रोजगारीप्रतिको आकर्षण, बजार र सरकारी सेवासँग कमजोर पहुँचका कारण परम्परागत पशुपालन व्यवसाय क्रमशः खुम्चिँदै गएको हो । कुनै समय ३० वटासम्म गाईभैँसी पालेका धौलागिरि गाउँपालिका-३ मुनाका ६० वर्षीय यामप्रसाद पुनको गोठमा अहिले १० वटा मात्र छन् । "बाउबाजेले गर्दै आएको पशुपालनबाटै घरव्यवहार चलायौँ, छोराछोरी पढायौँ", पुनले भन्नुभयो, "तर उमेर बढ्दै जाँदा गोठ लिएर लेकबेँसी गर्न कठिन भएकाले पशु सङ्ख्या घटाउनुपरेको छ ।"

मुनाकै ८१ वर्षीय लिलबहादुर पुन पनि घुम्ती गोठ छोड्ने तयारीमा हुनुहुन्छ । बाल्यकालदेखि भेडाबाख्रा पालन गर्दै आउनुभएका उहाँले यही पेसाबाट ठूलो परिवार हुर्काउनुभयो । तर छोराहरु विदेश गएपछि गोठलाई निरन्तरता दिन समस्या भएको बताउनुहुन्छ । धवलागिरि-४ खाम्लाका ७४ वर्षीय पूर्णबहादुर जैसीले पनि ५७ वर्षदेखि गर्दै आएको भैँसीपालन यस वर्षबाट बन्द गर्नुभएको छ । स्वास्थ्य समस्या र उमेरका कारण भैँसी बेचेर घरमै बस्न थालेको उहाँको भनाइ छ ।

धौलागिरिमा जेठदेखि पशुचौपायालाई लेक तथा बुकीतर्फ लैजाने र कात्तिकपछि बेँसी झार्ने परम्परा छ । यहाँका किसानहरूले ढोरपाटन, जलजला, रूघाचौर, पातिहाल्ने तथा विभिन्न खर्क क्षेत्रमा पशु चराउने गर्छन् । उच्च पहाडी र हिमाली क्षेत्रको जीवनशैलीसँग घनिष्ठ सम्बन्ध रहेको यो प्रणालीले दूध, घ्यू, दही, मोही, मासु तथा कृषि कार्यका लागि आवश्यक पशु उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा तयार पारेको वस्तुगत विवरणअनुसार १२ हजार ६० परिवारमध्ये ५३ प्रतिशत परिवारको मुख्य जीविकोपार्जन कृषि थियो । तर पछिल्ला वर्षहरूमा गाईगोरूको सङ्ख्या उल्लेख्य रूपमा घट्दै गएको तथ्याङ्कले देखाएको छ ।

धौलागिरि गाउँपालिकाको पशु सेवा शाखाका प्रमुख चन्द्रकला दाहालका अनुसार चार हजार ४११ गाई, दुई हजार ८४७ भैँसी, पाँच हजार ९८६ बाख्रा, दुई हजार एक सय ९५ भेडा, ११९ बङ्गुर, १६ हजार २२६ कुखुरा, ६७० खरायो तथा २६६ घोडा-खच्चर छन् । विसं २०७४ को सर्वेक्षणमा गाईगोरूको सङ्ख्या छ हजार ७५६ रहेको थियो । यसले परम्परागत गाईपालन निरन्तर ओरालो लागिरहेको सङ्केत गर्छ।

अधिकांश घुम्ती गोठ दर्ता नभएकाले यकिन तथ्याङ्क उपलब्ध नभएको दाहालले बताउनुभयो । चेतनाको कमी, प्रशासनिक पहुँचको अभाव, झन्झटिलो प्रक्रिया तथा भौगोलिक विकटताका कारण किसानहरु व्यवसाय दर्तामा आकर्षित हुन नसकेको उहाँको भनाइ छ । यसले गर्दा बिमा तथा सरकारी अनुदान कार्यक्रमबाट पनि धेरै किसान वञ्चित भएका अगुवा किसान भुवानी पौडेलले बताउनुभयो ।

घुम्ती गोठ घट्दै जाँदा स्थानीय पशुका आनुवंशिक स्रोतसमेत जोखिममा परेका छन् । लिमे र पारकोटे जातका भैँसी, पहाडी गाई, सिनाल र खरी जातका बाख्रा तथा बरूवाल र भ्याङलुङ जातका भेडा-बाख्रा लोप हुने अवस्थामा पुगेका धौलागिरि गाउँपालिका-२ खोरीयाका दलबहादुर रानाले बताउनुभयो ।

यद्यपि गाउँपालिकाले घुम्ती गोठ संरक्षण र व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । उपाध्यक्ष रेशम पुनमगरका अनुसार किसानलाई त्रिपाल, सोलार बत्तीलगायतका सामग्री वितरण गरिएको छ । गत आर्थिक वर्षमा वडा नम्बर ५ मल्कवाङको खालीखोलामा रू आठ लाखको लागनमा मा ५०० भन्दा बढी भेडाबाख्रा अट्ने क्षमता भएको घुम्ती गोठ निर्माण गरिएको थियो।

भेडापालक कृषक हिमबहादुर छन्त्याल (देवान) का अनुसार उक्त गोठले वर्षा र हिमपातका बेला पाठापाठी तथा भेडाबाख्रालाई सुरक्षित राख्न ठूलो सहयोग पुगेको छ । गाउँपालिकाको ७० प्रतिशत र किसानको ३० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको उक्त संरचना नमुना परियोजनाका रूपमा हेरिएको छ ।

त्रिभुवन विश्वविद्यालय वन विज्ञान सङ्कायका प्राध्यापक डा राजेशकुमार राईका अनुसार जलवायु परिवर्तन, वन्यजन्तुसँगको द्वन्द्व, सामाजिक संरचनामा आएको परिवर्तन, शिक्षा तथा वैदेशिक रोजगारको प्रभावले घुम्ती गोठ प्रणाली कमजोर बन्दै गएको हो । उहाँले पशुजन्य उत्पादनको ब्रान्ड विकास, स्थानीय पर्यटनसँग एकीकरण तथा जैविक उत्पादनको बजार विस्तार गर्नसके उच्च पहाडी अर्थतन्त्रलाई नयाँ दिशा दिन सकिने बताउनुभयो ।

परम्परागत ज्ञान, संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोडिएको घुम्ती गोठ प्रणाली संरक्षणका लागि तथ्यांक सङ्कलन, किसानमैत्री कार्यक्रम, व्यवसाय दर्ता अभियान र प्रोत्साहनमूलक योजनामा जोड दिएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । धौलागिरिको पहिचान बनेको गोठ प्रणालीसँगै स्थानीय पशु सम्पदा र पुर्स्तौंदेखि हस्तान्तरण हुँदै आएको ज्ञान संरक्षण, व्यवस्थित र व्यावसायिक बनाउन कार्यक्रम केन्द्रित गरेको उहाँको भनाइ छ ।

# तनहुँमा १९ शंकास्पद व्यक्ति नियन्त्रणमा

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहतका प्रहरी इकाइले जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको विशेष खोजी अभियान १९ जना शंकास्पद व्यक्ति पक्राउ परेका छन् । नियन्त्रणमा लिइएकामध्ये नौ जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

उक्त विशेष अभियान लागुऔषध नियन्त्रण, अवैध मदिरा उत्पादन तथा बिक्रीवितरण नियन्त्रण, शान्तिसुरक्षा कायम, फरार प्रतिवादी पक्राउ, चोरी नियन्त्रण तथा प्राकृतिक स्रोतसाधनको अनधिकृत प्रयोग नियन्त्रणलाई लक्षित गरिएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए ।

प्रहरी टोलीले जिल्लाका विभिन्न संवेदनशील क्षेत्र, सार्वजनिक स्थल, बजार क्षेत्र तथा सम्भावित आपराधिक गतिविधि हुनसक्ने स्थानमा निगरानी तथा जाँचलाई तीव्र बनाएको छ ।

"जिल्लामा शान्ति सुरक्षा कायम राख्ने, आपराधिक गतिविधि नियन्त्रण गर्ने तथा नागरिकमा सुरक्षाको अनुभूति गराउने उद्देश्यले नियमित रूपमा यस्ता अभियान सञ्चालन गरिरहेका छौँ", प्रहरी नायब उपरीक्षक घिमिरेले भने, "नियन्त्रणमा लिइएका व्यक्तिमध्ये केहीमाथि थप अनुसन्धान भइरहेको छ भने अन्यको आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको छ ।"

प्रहरीका अनुसार पछिल्लो समय जिल्लामा लागुऔषध दुर्व्यसन, चोरी, सार्वजनिक अपराध तथा प्राकृतिक स्रोतसाधनको अनधिकृत दोहन नियन्त्रणलाई प्राथमिकतामा राखेर निगरानी बढाइएको छ । यस्ता गतिविधि नियन्त्रण गर्न नियमित रूपमा विशेष अभियान सञ्चालन गरिने जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँले अपराध नियन्त्रण तथा शान्तिसुरक्षा सुदृढीकरणका लागि समुदाय-प्रहरी साझेदारीलाई प्रभावकारी बनाउँदै लगिएको जनाएको छ । साथै कुनै पनि शंकास्पद गतिविधि, अवैध कारोबार वा कानुनविपरीतका कार्यबारे जानकारी भएमा तत्काल प्रहरीलाई सूचना दिन सर्वसाधारणसँग आग्रह गरेको छ ।

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४